# टोखा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

मैजुहिटी काठमाडौं ।

**व्यवसाय दर्ता/नविकरण तथा अभिलेखिकरण (अद्यावधिक) गर्ने सम्बन्धी सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८०/१२/१९

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ तथा यस नगरपालिकाको व्यवसाय/ फर्म दर्ता तथा अभिलेखिकरण (अद्यावधिक) गर्ने निर्देशिका, २०८० को दफा ३ को उपदफा (२) बमोजिम हालसम्म नगरपालिकामा दर्ता नगरी सञ्चालनमा रहेका कुनै पनि प्रकारको उद्योग, व्यापार, पेशा वा यस्तै अन्य प्रकृतिका व्यावसायिक कारोबार गर्ने व्यक्ति, फर्म वा कम्पनिले व्यवसाय दर्ता अभियानको क्रममा मिति २०८० बैशाख मसान्तसम्ममात्र जरिवाना छुट गरिएको हुँदा सो अवधिभित्र आवश्यक विबरण तथा कागजात संलग्न राखी सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै, चालु आ.व. को अन्त्यसम्ममा (२०८० असार मसान्त) अनिवार्य व्यवसाय गर्नुहुनका साथै यस सूचनाको म्याद भित्र दर्ता वा अभिलेखीकरण नगरी सञ्चालन हुने व्यवसायलाई प्रचलित कानून बमोजिम कारवाहिको प्रकृया अगाडी बढाई कर वापत लाग्ने बक्यौता रकम असुल गरी व्यवसाय बन्दको कारवाही समेत चलाउन सकिनेछ । संलग्न गर्नुपर्ने कागजात लगायत यस संग सम्बन्धित सूचना यस कार्यालयको website: https://www.tokhamun.gov.np/ne बाट हेर्नुहुन समेत सूचित गरिन्छ ।

**संलग्न गर्नुपर्ने कागजात** :

क. व्यवसायको नाम

ख. व्यवसाय गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि / विदेशी नागरिकको हकमा राजदुतावासले दिएको परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित देशको नागरिकता प्रमाणपत्र प्रतिलिपि, संस्थाको हकमा संस्थाको पत्र

ग. व्यवसाय रहने स्थान

घ. घरको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि

ङ. चालु आ.व. सम्मको घर जग्गा कर/मालपोत कर चुक्ता गरेको प्रमाणपत्र प्रतिलिपि वा कर तिरेको रसिद

च. घर जग्गा वा कोठा भाडामा लिई व्यवसाय सञ्चालन गरेको भए घर जग्गा धनीसंग गरेको बहाल सम्झौता

छ. व्यवसाय सञ्चालनमा रहेको अवधि खुल्ने कागजातहरु (घर भाडा, पानी विजुली तिरेको रसिद, कर कार्यालयमा कर बुझाएको रसिद वा अन्य यस्तै कागजात)

ज. प्रचलित कानून बमोजिम अन्य निकायबाट व्यवसाय दर्ता र इजाजत प्राप्त गरेको भए सो प्रमाणपत्रको प्रतिलिपि र दर्ता गरेको मितिदेखिको घर बहाल कर चुक्ता गरेको प्रमाण

झ. सञ्चालकको दुई प्रति पासपोर्ट साईजको फोटो, संस्थाको हकमा मुख्य व्यक्तिको नाम, दुई प्रति पासपोर्ट साईजको फोटो र संस्थाको छाप

ञ. अन्य आवश्यक कागजातहरु